छने र बाँधा सदरकाले सदर मुलुकीखानामा र जिल्लाकाले इलाका मालमा दाखिल गर्ने गर्छ र गराउनुहोला ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी— अर्थमन्त्रालय.

## अर्थ (आय) मन्त्रालयको सूचना

पत्रसंख्या २४ नोट सं. ५७२५ ०१२।१।५।२

चैत्र २७, २०१२ को गजेट भाग ४ पृष्ठ ३३ मा प्रकाशित अर्थ । (आय) विभागको ०१२।१२।२४ को सूचनाको सिलसिलामा निम्न—लिखितानुसार गर्ने गराउने मै ३०।१२।०१२ मा निर्णय भएको बेहोरा सर्वसाधारणलाई थाहा होस् भन्नाका निम्ति यो सूचना प्रकाशित गरिएको छ ।

१. बाहिरबाट आएको माल सिम्पु गरी का. गो. मं. पठाउँदा भंसारको सिल लगाई पठाउने ।

२. सड्ने गल्ने माल र अखबार गोबर भंसारले नै छाड्ने ।

३. आइ. ए. सि. को हवाई जहाजसम्बन्धी पार्ट पुर्जा माल सामान आएमा गो. मं. ले नै छाड्ने ।

४. व्यापारिक मालसामान बाहेक गुन्द्रा फिटी भारीको मालसम्म गो. भ. बाटै पास गराउने गर्ने ।

५. भन्सार सुविधा पाएका मानिसहरूको मालसामान गो. भं. बाटै छाडिदिने ।

६. बयत राख्नुपर्ने भंसार माफी भएका जतिमा गो. भं. बाट छुट्न सक्तैन । का. गो. भं. मा पठाइदिने ।

आज्ञाले—
नीरराज, सेक्रेटरी—अर्थमन्त्रालय.

६०

गोरखापत्र छापाखानामा मुद्रित. मेनेजर प्रेमराज शर्मा.
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।